## पनौती नगरपालिकाको एघारौ नगर सभामा
## उप-प्रमुख गिता बञ्जाराबाट प्रस्तुत बजेट बक्तव्य

अध्यक्ष महोदय,

पनौती नगरपालिकाको अर्थ विधेयक, २०७९ र विनियोजन विधेयक २०७९ ले प्रदान गरेको अधिकार र सिमाभित्र रही आर्थिक वर्ष २०७९/०८० का आय व्यय अनुमानित विवरण सहितको वार्षिक बजेट तथा कार्यक्रम सम्मानित एघारौ नगर सभा समक्ष आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम पस्तुत गर्न गइरहेको छु।

नेपालको संविधान,२०७२ ले संघीय शासन व्यवस्थामा परिलक्षित गरिएको आर्थिक विकास, सामाजिक विकास, सुशासन लगायतका विषयलाई ध्यानमा राखि आगामी वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधार लिइएको छ।

- नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि व्यवस्था गर्न बनेको ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४
- बजेट तर्जुमा दिग्दर्शन २०७४
- बालमैत्री स्थानीय शासन रणनिती २०६८ र बाल मैत्री स्थानीय शासन कार्यविधि २०६८
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको निर्देशन तथा परिपत्र
- अर्थमन्त्रालयको आर्थिक विषयसँग सम्बन्धीत निर्देशन एवं परिपत्र
- कर तथा दस्तुरको संकलित अवस्था र संभावना
- प्राप्त हुन सक्ने अनुमानित शशर्त/निशर्त आय
- रोयल्टी बापतको रकम
- स्वीकृत भई अधुरा रहेका योजना लगायत सञ्चालन हुन बाँकी योजना तथा कार्यक्रम
- ऐन, नियम, दिग्दर्शनले व्यवस्था गरेको मार्गदर्शन
- विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि भएको वडा र समुदायस्तरको भेलाबाट प्राप्त सुझाव
- विषयगत समितिको राय सुझाव एवम सिफारिस
- नगरपालिकाले विभिन्न समयमा सञ्चालन गरेका सार्वजनिक कार्यक्रमहरुमा पाप्त भएका राय सुझाव
- बौद्धिक समूहले ध्यानाकर्षण गराएका बिषय
- उद्योग बाणिज्य लगायत नीजि क्षेत्रको राय सुझाव
- राजश्व सुधार योजना २०७५

अध्यक्ष महोदय,

१. कर दस्तुर निर्धारण एवं पुनरावलोकनका लागि गठित नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिशमा निर्धारण गरिएका कर, दस्तुर, सेवा शुल्कको दररेट आर्थिक विधेयकमा उल्लेख गरिए बमोजिम हुनेछ। यसबाट संकलन हुने आन्तरिक राजश्व, चालु आर्थिक वर्षमा बाँकी हुने मौज्दात र बाह्य स्रोतबाट प्राप्त हुने समेत गरि रु. १ अरब ६० करोड १३ लाख आय

हुने प्रक्षेपण गरेको छ । प्रक्षेपण गर्दा लक्ष्य उपलब्धीको अवस्था, आवश्यकता र सामर्थ्यको आधारमा नगरपालिकाले अख्तियार गरेको नीति अनुसार देहायका कार्यहरु गर्न सक्ने व्यवस्था मिलाएको छ । आर्थिक वर्ष २०७९/०८० मा देहायका आय शीर्षकहरुबाट देहाय अनुसार आय प्राप्त हुने प्रक्षेपण गरको छ ।

जसमा,

आन्तरिक आयबाट रु. ४३ करोड ५० लाख ३९ हजार
राजश्व बाँडफाँडबाट रु. २४ करोड ९५ लाख ४६ हजार
**नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट,**
वित्तीय समानिकरण अनुदान रु. १६ करोड
सशर्त अनुदान रु. ३२ करोड ३५ लाख
समपुरक अनुदान रु. १ करोड
**बागमति प्रदेश सरकारको वित्तीय हस्तान्तरणबाट,**
वित्तीय समानिकरण अनुदान रु. १ करोड ५४ लाख ९९ हजार
सशर्त अनुदान रु. ३ करोड २२ लाख १६ हजार
समपुरक अनुदान रु. ३ करोड
**अन्य आय**
मौज्दात बाँकी रु. ३३ करोड ७० लाख

२. आय प्रक्षेपण र वित्तीय परिचालनको आधारमा कुल जम्मा रु. १ अरब ६० करोड १३ लाख बजेट विनियोजन गरेको छ । विनियोजित बजेटलाई देहाय अनुसार खर्च गर्ने गरि बाँडफाँड गरको छ ।
जसमा.

**विषयगत शाखाहरुको कार्यक्रमहरु समत गरि,**
चालु खर्च रु. ७४ करोड २८ लाख ८० हजार
**जम्मा विनियोजित बजेटको ४६.३९ प्रतिशत रकम**
पुँजिगत खर्च रु. ८५ करोड ४९ लाख २० हजार
**जम्मा विनियोजित बजटको ५३.३९ प्रतिशत रकम**
वित्तीय व्यवस्था रु. ३५ लाख
**जम्मा विनियोजित बजटको ०.२२ प्रतिशत रकम**

यसरी आय प्रक्षेपण भन्दा व्यय प्रक्षेपण रु ३३ करोड ७० लाख बढि हुन गई न्युन बजेट निर्माण हुन गएको र सो न्युन रकमलाई आवश्यक हुने रकम यस वर्ष खर्च नभई बाँकी हुने मौज्दात रकमबाट पूर्ती गरिनेछ । बजेट तर्जुमा गर्दा यथासम्भव प्राप्त हुन सक्ने आयका क्षेत्रलाई भरपर्दो बनाउन आवश्यक रणनीतिका अलावा खर्च प्रणालीलाई उत्पादकत्वसँग जोडने गरी मितव्ययितापूर्ण कार्यशैलीमा जोड दिइने छ । बजेटको सन्तुलन मिलाउनको लागि सञ्चालन हुने योजनालाई सञ्चालनको क्रमवद्ध तालिकीकरण एवं संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारी, सहकार्य र समन्वयमा गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

यसरी माथि उल्लेख गरिए अनुसार प्राथमिकताको आधारमा योजनाहरु कार्यान्वयन गर्दा स्रोत सुनिश्चतता भई योजना सहज रुपमा कार्यान्वयन हुने विश्वास लिएको छ। क्षेत्रगत बजेट विनियोजनको विवरण देहाय अनुसार रहेको छ,

- नगर र वडास्तरीय याजना रु. ६५ करोड ३३ लाख
- वडागत पूर्वाधार मर्मततर्फ रु. २ करोड १६ लाख
- लागत सहभागितामा पूर्वाधार साझेदारी कार्यक्रम रु. २ करोड
- नेपाल सरकारको समपुरक योजना रु. २ करोड
- बागमति प्रदेश सरकार समपुरक योजना रु. ६ करोड
- पशुपंक्षा विकास सम्बन्धि विभिन्न कार्यक्रमको लागि रु. ३ करोड
- कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमको लागि रु. १ करोड ५० लाख
- सहकारी सम्बन्धि कार्यक्रमको लागि रु. ८० लाख
- शिक्षा विकास सम्बन्धि विभिन्न कार्यक्रमको लागि रु. ४ करोड ५० लाख
- स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमको लागि रु. ३ करोड ५० लाख
- युवा तथा खेलकुद विकास कार्यक्रमको लागि रु. ५० लाख
- उत्पिडित महिला जेष्ठ नागरिक बालबालिका तथा अपांग सम्बन्धि रु. ५० लाख
- बालमैत्री स्थानीय शासन कार्यक्रमको लागि रु. १ करोड
- संस्थागत सुशासन तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु रु. १ करोड २० लाख
- न्यायिक समितिका कार्यक्रमहरु रु. २० लाख
- विपद व्यवस्थापन कार्यक्रम

(वारुण यन्त्र सञ्चालन र व्यवस्थापन समेत) रु. १ करोड २० लाख

- नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रमको लागि चालु रु. २९ करोड ४१ लाख
- नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रमको लागि पुँजिगत रु. २ करोड ९४ लाख
- बागमति प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको लागि रु. ३ करोड २२ लाख
- कार्यलयको प्रशासनिक खर्च लगायत अन्य खर्च रु.२५ करोड ०५ लाख

क्षेत्रगत बजेट विनियोजनको विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरेको छ।

३. पनौती नगरपालिकाको गौरवको योजनाको रुपमा छनौट भएका आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन गरेको छ। आर्थिक वर्ष २०७९/२०८० को लागि स्वीकृत भएका नगर स्तरीय र वडा स्तरीय योजनाहरुको लागि रु ६५ करोड ३३ लाख बजेटको व्यवस्था गरको छ। उक्त बजेटबाट बिभिन्न वडास्तरीय योजना तथा नगर स्तरीय योजना सञ्चालन गरिने छ साथै सो रकमबाट बैकल्पिक सडक निमाण लगायतका योजनाहरुको लागि समेत रकम बिनियोजन गरिएको छ।

४. नगद सहभागितामा आधारित साझेदारी कायक्रममा विनियोजित बजेटबाट नगर क्षेत्रको पूर्वाधार, सामाजिक, आर्थिक लगायतका क्षेत्रगत विकासका केही क्षेत्रहरुमा स्थानीय उपभोक्ता तथा लाभग्राहीहरुसँग साझेदारीमा गर्न केही बजेट व्यवस्था गरको छ। नगद सहभागितामा आधारित विकास निर्माण कार्यलाई प्रोत्साहन गर्न र नगरपालिकाले सञ्चालन गरेका विकास निर्माण सम्बन्धि कार्यमा अपनत्व कायम गर्न उपभोक्ता तथा अन्य संस्थाहरुको साझेदारीमा विकास निर्माण कार्यहरु अगाडी बढाउने लक्ष्य नगरपालिकाले लिएको छ। नगदमा आधारित जनसहभागिता आयोजना तथा कायक्रमहरुको लागि आर्थिक वर्ष २०७९/०८० मा रु. २ करोड बजेट बिनियोजन गरेको छु।

५. नेपाल सरसकार, प्रदेश सरकार र जिल्ला समन्वय समितिसँगको साझेदारीमा विभिन्न योजनाहरु सञ्चालन गरिनेछ । यस्ता निकायहरुसँगको साझेदारीमा सञ्चालन हुने

आयोजनाको लागि आवश्यक रकमको व्यवस्था गरेको छु । आयोजनाहरु सञ्चालनको लागि आवश्यक साझेदारी गर्न समपुरक कोषका योजनाहरुमा रु. ८ करोड बजेट बिनियोजन गरेको छु । जसमध्ये नगरपालिकाको साझेदारी रकम रु ४ करोड र अन्य निकायको रु ४ करोडको लागत साझेदारी रहन गरी बजेट व्यवस्था गरको छ ।

६. विगत वर्षहरुदेखि नै वडाहरुलाई केही वित्तीय अधिकार दिइएको छ । वडास्तरमा भईरहेको स-साना योजना मर्मत तथा वडा कार्यालय सञ्चालनसँग सम्बन्धित खर्चहरु वडा कार्यालय मार्फत नै खर्च गर्ने गरि साविकमा भएको व्यबस्थालाइ यस आर्थिक बर्ष देखि प्रति वडा रु १० लाख थप गरी जम्मा रु ३० लाख बजेट कायम गरको छ । जुन रकमबाट वडास्तरमा गन पर्ने सम्पुर्ण स-साना योजना सञ्चालन तथा मर्मतको लागि रु १८ लाख खर्च गर्नु पर्नेछ र कार्यालय सञ्चालन लगायत अन्य कार्यक्रमहरुको लागि प्रति वडा रु १२ लाख बाट विभिन्न कार्यक्रमहरु समेत सञ्चालन गन पर्नेछ । यसबाट वडा स्तरमा आउेन स-साना समस्याहरु वडास्तरमा नै समाधान गर्न मद्धत हुने विश्वास लिएको छु ।

७. पनौती नगरपालिका कृषि तथा पशुपंक्षीको ठूलो सम्भावना भएको क्षेत्र हो । यहाँको कषि प्रणाली व्यवसायिकतामा जान सकेको छैन । कृषि व्यवसायिकतामा जान र पशुपंक्षो पालन कार्यलाई व्यवसायिकरण गर्न यो क्षेत्रमा नयाँ ढंगले अगाडी बढनु पर्ने देखिन्छ । कृषिलाई आधुनिकीकरणमा लैजानको लागि कृषकहरुलाई प्रोत्साहित गर्नु पर्ने देखिन्छ । कृषिमा यान्त्रिकोरणको प्रयोग, आधुनिक कृषि प्रणाली सम्बन्धी तालिम, पुष्प व्यवसाय प्रवर्द्धन, कषि फार्महरुको स्थापना, कृषि बस्तुहरुको बजारीकरणको लागि कृषि उपज संकलन केन्द्रको निर्माण लगायतका कृषि विकास सम्बन्धी कार्यहरु गर्नको लागि रु १ करोड ५० लाख बजेट बिनियोजन गरेको छु । त्यसैगरी युवा लक्षित पाडापाडी हुर्काउने कार्य , दुग्धजन्य पदार्थको विविधीकरण, आधारभुत प्रयोगशाला सहितको नगरस्तरीय पशु पंक्षि अस्पताल स्थापना, उत्पादनमा आधारित अनुदान प्रणाली, उन्नत जातको बाखा साटासाट कार्यक्रम, भैंसी सुत्केरी भत्ता लगायतका अन्य पशुपंक्षि विकास सम्बन्धी कार्यहरु गर्नको लागि रु ३ करोड बजेट बिनियोजन गरेको छु ।

८. मानव जीवनको लागि स्वास्थ्य महत्वपूर्ण विषय रहेको छ । मानिसको जीवन स्वस्थ नभएमा अन्य कुनै पनि कार्यहरु सञ्चालन गर्न नसकिने अवस्था रहन्छ । नगर क्षेत्रका नागरिकलाई सहजरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि नेपाल सरकारबाट सर्शत कार्यक्रमको रुपमा आएको कार्यक्रमहरु बाहक पनौती नगरपालिकाभित्र विभिन्न स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न रु. ३ करोड ५० लाख हजार बजेट विनियोजन गरेको छु ।

९. महिला विकाससम्बन्धी विभिन्न जनचेतनामुलक, क्षमता विकास सम्बन्धी र आय आर्जन मुलक कार्यक्रम लगायत समग्र महिला विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न को लागि रु. ५० लाख  हजार बजेट बिनियोजन गरको छु ।

१०. राष्ट्रिय अर्थतन्त्रको एउटा खम्बाको रुपमा दिइएको सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी न्युन आय भएका नगरवासीहरुको आर्थिक जिवनस्तर उकास्ने तथा अन्य उत्पादनमुलक क्षेत्रमा लगानी बढाई उत्पादकत्व बढाउने जस्ता कार्यहरुलाई प्रोत्साहित गर्न सहकारी क्षेत्रसँग सम्बन्धित कार्यक्रमको लागि रु ८० लाख बजेट बिनियोजन गरेको छु ।

११. विषयगत निकायका हकमा नेपाल सरकार र बागमती प्रदेश सरकारबाट स्वीकृत भए अनुसार प्राप्त हुन आएको बजेटलाई मुल बजटमा समावेश गरि तोकिए बमोजिम नै बजेट विनियोजन गरको छ । यस सभा पश्चात हस्तान्तरण भई प्राप्त हुने वा अन्य निकायहरुबाट आउन बजेट तथा कार्यक्रम यस बजेटमा समावेश हुन सकेको छैन । प्राप्त भए अनुसार जे जसरी तोकिएर प्राप्त हुन्छ सोही बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । साथै गैसस लगायत विभिन्न संस्थाले विभिन्न योजना कार्यक्रमको बजेट समेत मुल बजेटमा समाबेश नभएता पनि कायान्वयनका क्रममा त्यस्ता संस्थाले नगरपालिकाको अनिवार्य सहमति लिई कायान्वयन गन दिने व्यवस्था मिलाइने छ ।

१२. नगरपालिकाको मौजूदा जनशक्ति समायोजन गर्नु पर्ने दरबन्दी लगायत थप गर्नु पर्ने कर्मचारी दरबन्दीको एकिकृत तालिका अनुसूचिमा उल्लेख छ ।

१३. आर्थिक वर्ष २०७९/०८० देखि लागु हुने गरी नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरुको लागि बृद्धि गरेको तलब तथा सुविधालाई आधार मानी सोही बमोजिम तलब तथा सुविधाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई साविकमा दिई आएको थप सुविधालाई यथावत राखिएको छ ।

१४. नेपाल सरकारले घोषणा गरे बमोजिम विद्यालयका स्टाफ र सहयोगी कार्यकर्ताहरुको लागि सम्बन्धित खर्च शिर्षकमा तलवका लागि थप रकम व्यवस्था गरेको छु ।

१५. पनौती नगरपालिका भित्र रहेका ७० बर्ष माथिका जेष्ठ नागरिक हरुको निशल्क स्वास्थ्य उपचारको लागि सम्बन्धित वडा कार्यालयहरुको समन्वयमा सम्बन्धित स्थानमा नै गई उपचार गर्ने व्यवस्था मिलाईनेछ । जसको लागि रु १० लाख बजेटको ब्यवस्था गरको छु ।

१६. नगर अस्पताल निर्माणका लागि थप पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र उपकरण खरिदका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । अस्पताल सञ्चालनको लागि कानूनी पवन्ध सहित संरचनागत व्यवस्था गरि अत्यावश्यक दरबन्दी सृजना र पदपूर्ती लगायत औजार उपकरण तथा सामाग्री खरिद गर्ने व्यवस्था मिलाइने छ ।

१७. स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउन आगामी वर्ष Pilot Project को रुपमा नागरिक संलग्न सहकारी संस्था र नगरपालिकाको आपसी सहकार्यमा स्थास्थ्य बीमा गर्न सहकारी क्षेत्र मार्फत थप बजेट व्यवस्था गरेको छु ।

१८. युवा नेतृत्व क्षमता, उद्यमशिलता जस्ता कार्य गर्न युवा तथा खेलकुद क्षेत्रमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

१९. क्षेत्रीय रंगशाला निर्माणका लागि खरिद गरि भुक्तानी दिन बाँकी रहेको रकम सम्बन्धित पक्षलाई भुक्तानी दिन बजेट व्यवस्था गरेको छु ।

२०. प्रस्तावित सम्पदा क्षेत्र भित्रका सम्पदामैत्री घर निर्माणका लागि प्रोत्साहन गर्न तत सम्बन्धि कानुनी व्यवस्था भइसकेकाले सोको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको काममा संलग्न एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको पूर्व सहमति गरिए बमोजिक एक चौमासिकको पारिश्रमिक स्रोत साझेदारीका लागि आवश्वयक बजेट व्यवस्था गरेको छु ।

२२. पनौतीको गौरव एवं राष्ट्रिय महत्वको ऐतिहासिक धार्मिक एवं सास्कृतिक महत्वको जेष्ठ पूर्णिमा जात्रा, दशैपूजा लगायत अन्य नियमित जात्रा पर्व पूजा मेलाका लागि आवश्वयक बजेट व्यवस्था गरेको छु ।

२३. विगत बर्ष देखि उपलब्ध गराउँदै आएको विशेष सामाजिक सुरक्षा भत्तामा साविकमा भएको ब्यवस्थामा रु ५००/- थप गरी प्रतिमहिना रु २०००/- कायम गरिएको छ र सा को आवश्यक बजेट व्यवस्था गरेको छु

२४. चालु आर्थिक वर्ष २०७८/२०७९ मा सम्झौता भई सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रममा समावेश गरि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२५. पेश्की बेरुजू लगायत बाँकी बक्यौता असल उपर गर्ने आवश्यक व्यवस्था मिलाइएको छ ।

२६. सञ्चार क्षेत्र र सञ्चारकर्मिको उत्प्रेरणाको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२७. विपद व्यवस्थापन कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । विपदको जोखिमलाई मध्यनजर गरी यस वर्ष वारुणयन्त्र सञ्चालन र व्यवस्थापनको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

२८. आयोजना सिघ्र र स्तरिय रुपमा सम्पन्न गर्नेलाई मापदण्डको आधारमा आयोजनागत पुरस्कारको व्यवस्था गरेको छ ।

२९. विपन्न दलित विद्यार्थीहरुलाई विशेष छात्रवृतिको व्यवस्था मिलाइएको छ ।

३०. प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुमा इन्टरनेटको सुविधा प्रदान गरिनेछ ।

३१. वागमती प्रदेश सरकारबाट तोके बमोजिम पदाधिकारी सुविधाका लागि आवश्यक बजेटको व्यवस्था गरको छ ।

३२. आर्थिक बर्ष २०७९/२०८० मा विभिन्न निकायबाट थप भई आउने योजना तथा कार्यक्रमहरु नगर कार्यपालिका मार्फत स्वोकत गरी सञ्चालन गरिनेछ र त्यस्ता स्वीकृत योजनाहरु नगर सभाबाट अनुमोदन गरिनेछ ।

३३. आय प्रक्षेपणको विस्तृत विवरण र सोको आधारमा तयार गरिएको बजेट विनियोजनको विभिन्न अनुसूचीहरु यसैसाथ संलग्न गरिएको छ ।

धन्यवाद !!!